नेपाल सरकार

शिक्षक सेवा आयोग

प्राथमिक शिक्षकको अध्यापन अनुमतिपत्रको लिखित परीक्षा पाठ्यक्रम, २०७५

## परिचय

शिक्षण एक विशेष प्रकृतिको ज्ञान, सिप र कला कौशल आवश्यक पर्ने पेसा हो । शिक्षण गर्ने व्यक्तिमा शिक्षणका निमित्त बाल मनोविज्ञान, सिकाइ सिद्धान्त जस्ता आधारभूत ज्ञानका अतिरिक्त सम्बन्धित क्षेत्रको कानुनी आधार र पेसाको आचार संहिताजस्ता क्षेत्रको ज्ञान हुन अत्यावश्यक मानिन्छ । त्यसका साथै शिक्षण गर्ने विषयको विषयगत ज्ञान तथा सम्बन्धित शिक्षणकलामा प्रवीणतालाई अनिवार्य तत्त्वका रुपमा लिने गरिन्छ । यिनै पक्षहरूलाई समेट्ने गरी नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०७२/१२/०३ को निर्णयबाट स्वीकृत गरिएको शिक्षकको सक्षमताको प्रारूप २०७२ (Teacher Competency Framework) लाई यस अध्यापन अनुमति पत्रको पाठ्यक्रम तयार गर्दा आधार मानिएको छ ।

यस पाठ्यक्रमलाई दुई (पहिलो र दोस्रो) पत्रमा विभाजन गरिएको छ । पहिलो पत्रमा शिक्षण गर्ने विषयको ज्ञान तथा शिक्षणकलालाई समेटिएको छ भने दोस्रो पत्रमा शिक्षकको पेसागत ज्ञानलाई समेटिएको छ ।

## उद्देश्य

यस पाठ्यक्रमको आधारमा लिइएको परीक्षाले शिक्षणमा प्रवेश गर्न चाहने व्यक्तिको शिक्षण पेसासम्बन्धी ज्ञान र सिपको परीक्षण गर्ने तथा सोबाट न्यूनतम सक्षमता हासिल गरेका व्यक्तिलाई प्रमाणीकरण गरी शिक्षण पेसामा प्रवेश गर्ने आधार तयार गर्ने छ ।

### लिखित परीक्षा योजना (Examination Scheme)

यस पाठ्यक्रमका आधारमा देहायबमोजिम लिखित परीक्षा लिइने छ । यस पाठ्यक्रमको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० हुने छ ।

| क्र.सं. | पत्र | पूर्णाङ्क | परीक्षा प्रणाली/ प्रश्नका प्रकार | प्रश्न सङ्ख्या | अङ्क भार (प्रतिप्रश्न) | समय |
|---|---|---|---|---|---|---|
| १ | पहिलो पत्र (विषयगत ज्ञान र शिक्षण कला) | ४० | वस्तुगत (बहुवैकल्पिक) | ४० | १ | ४० मिनेट |
| | | २५ | विषयगत प्रश्न | ५ | ५ | १ घण्टा १५ मिनेट |
| २ | दोस्रो पत्र (पेसागत ज्ञान) | ३५ | विषयगत प्रश्न | ७ | ५ | १ घण्टा ५ मिनेट |
| | जम्मा | १०० | | ५२ | | ३ घण्टा |

**द्रष्टव्यः**

लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी वा दुवै भाषा हुनेछ । तर पहिलो पत्र अन्तर्गतका **भाषा विषयको** परीक्षाको माध्यम भने सोही भाषा हुनेछ । पाठ्यक्रमको पहिलो र दोस्रो पत्रको विषयवस्तु (Content) फरक फरक हुनेछन् । पहिलो र दोस्रो पत्रको लिखित परीक्षा एकैपटक सञ्चालन हुनेछ । पहिलो र दोस्रो पत्रका लागि उत्तरपुस्तिकाहरू अलग अलग हुनेछन् ।

## (क) पहिलो पत्र : शिक्षणको विषयवस्तु तथा शिक्षणकलासम्बन्धी ज्ञान

### परिचय

यस पत्रले विषयवस्तुको ज्ञान, शिक्षण तौरतरिका र शिक्षण सहजीकरणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सिपलाई समेटेको छ । यस पत्रको अङ्कभार ६५ कायम गरिएको छ । यस पत्रको परीक्षणको लागि पाठ्यक्रममा राखिएको सम्बन्धित विषय क्षेत्रको पाठ्यवस्तु परीक्षण गर्न १ अङ्क भारका दरले ४० ओटा वस्तुगत (बहुवैकल्पिक) प्रश्न र शिक्षण सिकाइका तौरतरिका (विधि), सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी ज्ञान परीक्षण गर्नका लागि ५ अङ्क भारका दरले ५ ओटा प्रश्नहरू सोधिने छन् । यस अन्तर्गत शिक्षकले प्रदर्शन गर्नुपर्ने सम्बन्धित विषय क्षेत्रका सक्षमताहरूलाई समेट्ने गरी भाषिक तथा गणितीय सिपहरूलाई समावेश गरिएको छ ।
विषयवस्तुको ज्ञानको क्षेत्र निर्धारण गर्दा सोसँग सम्बन्धित प्राथमिक तहको पाठ्यक्रम तथा त्यसको कार्यान्वयनमा महत्वपूर्ण आधार हुने विषयक्षेत्रलाई समावेश गरिएको छ ।

### उद्देश्य

यस पत्रको उद्देश्य शिक्षण पेसामा प्रवेश गर्न इच्छुक व्यक्तिहरूमा रहेको विषयवस्तुसम्बन्धी ज्ञान, शिक्षण सहजीकरणका तौरतरिका, शिक्षण विधि, मूल्याङ्कन र सूचना तथा सञ्चार प्रविधिको प्रयोग लगायतका विषयवस्तुको ज्ञान, सिप र शिक्षण कौशलताको परीक्षण गर्ने रहेको छ ।

### १. विषय : नेपाली

### १.१ नेपाली भाषाको परिचय, विकास र स्वरूप

१.१.१ नेपाली भाषाको सङ्क्षिप्त परिचय र विशेषता

१.१.२ नेपाली भाषाको स्वरूप : नेपाली उच्चारण व्यवस्था (स्वर, व्यञ्जन र अक्षर प्रणाली), कथ्य र लेख्य भाषाको भेद तथा अन्तरसम्बन्ध, शब्दभण्डारका दृष्टिले स्तरीय नेपाली प्रयोगमा अन्य भाषाको प्रभाव

१.१.३ नेपाली शब्दकोशको प्रयोग : मानक शब्द पहिचान र प्रयोग

१.१.४ नेपाली भाषामा कार्यमूलक व्याकरणको अवधारणा र अभ्यास

१.१.५ समावेशी अवस्थामा भाषिक सिकाइ

१.१.६ भाषा सिकाइमा पठन तत्त्वको अवधारणा, परिचय र प्रयोगः ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, बोध र लेखाइ

१.१.७ पहिलो भाषा र दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाइ सहजीकरण

१.१.८ बहुभाषिक अवस्थाको पहिचान तथा शिक्षणः मातृभाषा एवम् भाषिकाका शब्दको प्रयोग, अभ्यास र अवसर, समस्या समाधान विधिको प्रयोग

१.१.९ भाषिक रूपान्तरण र स्थानान्तरणका मान्यताहरू

### १.२ नेपाली भाषाको बोध र अभिव्यक्ति

१.२.१ ज्ञान विज्ञानको विभिन्न क्षेत्रका विषयवस्तुमा लेखिएका गद्यांशहरूको पठनबोध

१.२.२ गद्यांशहरूबाट बुँदा टिपोट र सङ्क्षेपीकरण

१.२.३ अनुच्छेद लेखन

१.२.४ निबन्ध लेखन

१.२.५ प्रतिवेदन लेखन

१.२.६ पत्र रचना

१.२.७ व्यावहारिक लेखन-समवेदना, श्रद्धाञ्जली, शुभकामना आदि

१.२.८ सिलसिलाबद्ध अभिव्यक्ति-सन्दर्भ, पूर्वानुमान तथा घटना वर्णन, पाठ्यवस्तु, चित्र, रेखा, अभ्यास र यिनीहरूका बिचमा सम्बन्ध स्थापना, शब्दभण्डार र प्रसङ्ग अनुसार शब्दको चयन र प्रयोग, स्वलेखाइ वा

सहलेखाइका आधारमा शुद्धाशुद्धिका क्षेत्र पहिचान र सम्पादन, आलेखन, अनुलेखन र स्वतन्त्र लेखन, सूचना संश्लेषण तथा विश्लेषण

**2 English**

2.1 Importance of English language
2.2 Development of four language skills-listening, speaking, reading and writing
2.3 Reading comprehension-short stories, dialogues, facts
2.4 Interpret charts, tables and diagrams
2.5 Describe things, people and narrate events
2.6 Write simple letters, dialogues and paragraphs
2.7 Use of punctuation marks
2.8 Use of simple dictionaries
2.9 Basic English grammar and structures
2.10 Use appropriate structures for the language functions covered in basic level curriculum of grades 1-5.
2.11 Use of classroom language

**३. गणित**

३.१ अङ्क र सङ्ख्याको ज्ञानः अवधारणा, शून्यान्त, रूढ र संयुक्त सङ्ख्या र खण्डीकरण
३.२ गणितका आधारभूत क्रियाहरूःजोड, घटाउ, गुणन र भाग
३.३ भिन्न, दशमलव र प्रतिशत
३.४ समूहका प्रकार र क्रियाहरू
३.५ समय, मुद्रा र नापतौल र क्षमताका आधारभूत क्रियाहरू र रूपान्तरण
३.६ क्षेत्रफल, दूरी, आयतन र परिमिति
३.७ ऐकिक नियम, साधारण व्याज र अनुपात
३.८ विजगणित-अभिव्यञ्जकको जोड, घटाउ, गुणन र भाग, समीकरण
३.९ ज्यामिति-रेखा, कोण, त्रिभुज र चतुर्भुज आदि
३.१० ग्राफ, चार्ट, तालिका र तथ्याङ्क सङ्कलन

४. आधारभूत तह (प्राथमिक कक्षा १-५) को पाठ्यक्रम, शिक्षण सहजीकरण र मूल्याङ्कन
४.१.प्राथमिक कक्षा १-५ को पाठ्यक्रमसम्बन्धी जानकारी
४.१.१ तहगत र विषयगत उद्देश्य र कक्षागत सिकाइ उपलब्धिहरू
४.१.२ सबै विषयका विषयवस्तुहरूको क्षेत्र तथा क्रम, सिकाइ उपलब्धिहरूको विस्तृतीकरण
४.१.३ विषयगत पूर्णाङ्क र पाठ्यभार
४.१.४ शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन

४.२ शैक्षणिक योजना, शिक्षण सहजीकरण प्रक्रिया र मूल्याङ्कन
४.२.१. शैक्षणिक योजना निर्माण
४.२.१.१ शैक्षणिक उद्देश्यको वर्गीकरणः परिचय, महत्व, प्रयोग (ब्लुम्सको टेक्सोनोमीको आधारमा)
४.२.२.१ वार्षिक शैक्षणिक योजना निर्माण र प्रयोग
४.२.३.१ एकाइ योजना निर्माण र प्रयोग
४.२.४.१ दैनिक पाठ योजनाको निर्माण र प्रयोग
४.२.५.१ शिक्षण सुधार योजनाको निर्माण र प्रयोग
४.२.२ शिक्षण सहजीकरण प्रक्रिया/विधिहरूः

४.२.२.१ नेपाली विषयका शिक्षण सहजीकरण विधिहरू : व्याख्यान, कथाकथन, छलफल, प्रश्नोत्तर, अभिनय तथा भूमिका निर्वाह, खेल, खोजविधि आदि ।

४.२.२.२ Methods and techniques of teaching English at basic level-Teaching four language skills, teaching pronunciation, teaching vocabulary, teaching grammar and structures, teaching language functions, classroom techniques in teaching English: drills, pair work and group work, use of songs, chants, poems, stories and language games

४.२.२.३ गणित विषयका शिक्षण सहजीकरण विधिहरू: प्रदर्शन, प्रयोगात्मक, प्रश्नोत्तर, छलफल, आगमन, समस्या समाधान खोज/अनुसन्धान आदि, गणित शिक्षणमा Piaget को संज्ञानात्मक विकासको सिद्धान्तको प्रयोग

४.३. विषयगत शिक्षण सिकाईका लागि स्थानीय तथा शिक्षक निर्मित सामग्रीको सङ्कलन, निर्माण र प्रयोग

४.४. सिकाइ सहजीकरणमा सूचना तथा सञ्चार प्रविधिको उपयोगः सूचना तथा सञ्चारका साधनको सङ्कलन, छनोट, प्रयोग (अन्लाइन र अफ्लाइनका सामग्री, दृश्यसामग्री, सामाजिक सञ्जाल, श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्री, इमेल, वेबसाइट, मल्टिमेडिया, भर्चुअल सिकाइ, इ-कन्फेरेन्स, साइवर सिकाइ आदि)

४.५. विषयगत मूल्याङ्कन

४.५.१ विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग

४.५.२ विशिष्टीकरण तालिकाको आधारमा मूल्याङ्कनका साधनहरूको निर्माण

४.५.३ विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग

४.५.४ मूल्याङ्कन रूब्रिक्सको प्रयोग

**प्रश्न निर्माण योजना (Specification Grid)**

| प्रश्न / विषय | वस्तुगत (बहुवैकल्पिक) प्रश्न | | | विषयगत प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न संख्या | अङ्क भार | जम्मा | प्रश्न संख्या | अङ्क भार | जम्मा | | | |
| नेपाली | १० | १ | १० | २ | ५ | १० | १२ | २० | |
| अङ्ग्रेजी | १० | १ | १० | १ | ५ | ५ | ११ | १५ | |
| गणित | १० | १ | १० | २ | ५ | १० | १२ | २० | |
| आधारभूत तह (प्राथमिक कक्षा १-५) को पाठ्यक्रम, शिक्षण सहजीकरण र मूल्याङ्कन | १० | १ | १० | - | - | - | १० | १० | |
| **जम्मा** | **४०** | १ | **४०** | **५** | **५** | **२५** | **४५** | **६५** | |

**द्रष्टव्यः**

१. वस्तुगत ४० मिनेट र विषयगत २ घण्टा २० मिनेट गरी दुवै परीक्षाका लागि समग्रमा ३ घण्टा समय निर्धारण गरिएको छ ।

२. वस्तुगत र विषयगत परीक्षा लगातार सञ्चालन हुने छ ।

३. संज्ञानात्मक तहका सबैजसो क्षेत्र समेटिने गरी प्रश्नपत्र निर्माण गरिने छ ।

४=विषयगत प्रश्नहरू ज्ञान, सिप र प्रयोग तहका हुने छन् ।

५. विषयगत प्रश्नहरूमार्फत सिर्जनशीलता र शिक्षणसँग सम्बन्धित व्यावहारिक पक्षहरू मापन गर्ने उद्देश्य राखिने छ ।

६= कण्ठस्थ गरी दिइएका जवाफभन्दा शिक्षण सिकाइसँग सम्बन्धित व्यावहारिक पक्षहरूको विश्लेषण/विवेचना तथा समस्याको समाधान गर्दै दिइएका मौलिक तथा सिर्जनात्मक उत्तरलाई प्रोत्साहित गरिने छ ।

## (ख) दोस्रो पत्र : पेसागत ज्ञान

परिचय

यस पत्र अन्तर्गत शिक्षकका आधारभूत पेसागत ज्ञान (बालबालिका/सिकारूसम्बन्धी ज्ञान, सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन, सञ्चार तथा सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास, शिक्षासम्बन्धी कानुनी आधार तथा पेसागत आचार संहिता) को विषयवस्तुहरू समेटिएको छ ।

**उद्देश्य**

यस पत्रको उद्देश्य नेपालमा शिक्षासम्बन्धी व्यवस्था, बालबालिका र शिक्षण सिकाइको अन्तरसम्बन्ध, सिकाइ वातावरण र कक्षाकोठा व्यवस्थापन, शिक्षकको पेसागत विकास, प्रभावकारी सिकाइका लागि सञ्चार, समन्वय र अन्तरसम्बन्ध, शिक्षासँग सम्बन्धित मुद्दाहरू आदि विविध प्रकृतिका विषयवस्तुहरूसँग सम्बन्धित ज्ञान, सिप र कौशलको परीक्षण गर्ने रहेको छ ।

**१. विद्यालय शिक्षा सम्बन्धी विद्यमान व्यवस्था**

- १.१ नेपालको संविधानमा शिक्षासम्बन्धी व्यवस्था
- १.२ शिक्षा ऐन, २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित)
- १.३ शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित)
- १.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षासम्बन्धी व्यवस्था
- १.५ प्राथमिक र निम्न माध्यमिक तहसँग सम्बन्धित विषयवस्तुहरू (देहायका दस्तावेजका आधारमा)
  - १.५.१ नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, २०११
  - १.५.२ राष्ट्रिय यय शिक्षा पद्धतिको योजना, २०२८
  - १.५.३ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९
  - १.५.४ विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७९/०८०)
- १.६ शिक्षाका राष्ट्रिय उद्देश्य, आधारभूत शिक्षाका उद्देश्यहरू र सक्षमताहरू
- १.७ शिक्षाको संरचना (पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्म)
- १.८ अनौपचारिक शिक्षा (आधारभूत साक्षरता, कार्यमूलक साक्षरता, प्रविधिमा आधारित साक्षरता, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ)
- १.९ शिक्षासम्बन्धी समसामयिक जानकारी

**२. बालबालिका र सिकाइ**

- २.१ सिकाइको अवधारणा र यससँग सम्बन्धित पक्षहरू
- २.२ पूर्व वाल्यावस्थादेखि किशोरावस्थासम्मका बाल-बालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास र सिकाइ
- २.३ सिकाइका सिद्धान्तहरू (Classical Conditioning, Operant Conditioning, Trial and Error Learning Theories, Insightful Learning)
- २.४ सिकाइमा वैयक्तिक भिन्नता, विशेष सिकाइ आवश्यकता तथा विशिष्ट क्षमताको पहिचान र सो अनुरूप सिकाइ
- २.५ बाल बालिकाको सिकाइका प्रभाव पार्ने तत्त्वहरू (पूर्वज्ञान, भाषिक तथा सामाजिक, सांस्कृतिक मूल्य मान्यता र विविधता)
- २.६ सिकाइमा उत्प्रेरणा बढाउने उपायहरू

**३. सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन**

- ३.१ बालमैत्री सिकाइ वातावरण निर्माण
- ३.२ सकारात्मक अनुशासन र आदर्श व्यवहार

३.३ रचनात्मक र सक्रिय सिकाइ तथा समूह परिचालन (व्यक्तिगत, जोडी र समूह कार्य)
३.४ विपद् व्यवस्थापन र शिक्षा एवम् सिकाइ निरन्तरता
३.५ कक्षा कोठाको व्यवस्थापन
३.६ कक्षा शिक्षण, बहुकक्षा शिक्षण र विषय शिक्षण
३.७ एकीकृत शिक्षण पद्धति

**४. पेसागत विकास र आचारसंहिता**

४.१ शिक्षक पसागत विकासका दृष्टिकोण र तरिकाहरू
४.२ पेसागत विकासमा निरन्तर सिकाइ, स्वअध्ययन, स्वप्रतिविम्बन, नवप्रवर्तन र सिर्जनशीलताको विकास
४.३ कार्यमूलक अनुसन्धान
४.४ शिक्षक पेसागत विकासका विद्यमान व्यवस्था र स्वरूप
४.५ पेसागत आचरण, मूल्य मान्यता, उत्तरदायित्व र जिम्मेवारी
४.६ असल शिक्षकको गुणहरू

**५. प्रभावकारी सिकाइका लागि सञ्चार, समन्वय र अन्तरसम्बन्ध**

५.१ खोज, सहकार्य तथा अन्तर्क्रियाका निमित्त प्रभावकारी सञ्चारका उपायहरू
५.२ विद्यार्थी, शिक्षक र अभिभावकबिच प्रभावकारी सञ्चार र सहकार्य
५.३ शैक्षणिक परामर्श र निर्देशन
५.४ शिक्षक तथा शिक्षक पेसागत समूहबिच अनुभव, पृष्ठपोषणको आदान प्रदान, आपसी सहयोग र सहकार्य
५.५ सरोकारवाला तथा निकायहरूबिच सहयोग र समन्वय (विद्यालय व्यवस्थापन समिति, गाउँ/नगर शिक्षा समिति, शिक्षक अभिभावक सङ्घ, स्थानीय तह र अन्य सङ्घसंस्था)
५.६ कक्षाकोठामा प्रभावकारी सञ्चार (प्रश्न गर्ने सिप, निर्देशन सिप, प्रश्नमार्फत पूर्वज्ञान परीक्षण, प्रश्नमार्फत बुझाइ परीक्षण, सिकाइका निमित्त उपयुक्त प्रश्नको उपयोग)
५.७ शिक्षण सिकाइमा पृष्ठपोषण : विद्यार्थीलाई उसको सिकाइ वा कार्यसम्पादनको स्तरबारे जानकारी र सुधारको आधार

**६. शिक्षा सम्बन्धी अन्तरसम्बन्धित मुद्धाहरू**

६.१ गुणस्तरीय शिक्षाका मुख्य आधारहरू
६.२ समावेशी शिक्षा, सबैका लागि शिक्षा तथा शिक्षामा समतासम्बन्धी शिक्षाको योजना तथा व्यवस्थापन
६.३ बाल अधिकार
६.४ बालमैत्री र दण्डरहित शिक्षाको योजना तथा व्यवस्थापन

**प्रश्न निर्माण योजना (Specification Grid)**

| क्र.स. | पाठ्यक्रमको क्षेत्र | प्रश्न र अङ्कभार | |
|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्क भार |
| १ | विद्यालय शिक्षासम्बन्धी विद्यमान व्यवस्था | २ | १० |
| २ | बालबालिका र सिकाइ | १ | ५ |
| ३ | सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन | १ | ५ |
| ४ | पेसागत विकास र आचारसंहिता | १ | ५ |
| ५ | प्रभावकारी सिकाइका लागि सञ्चार, समन्वय र अन्तरसम्बन्ध | १ | ५ |
| ६ | शिक्षासम्बन्धी अन्तरसम्बन्धित मुद्धाहरू | १ | ५ |
| | जम्मा | ७ | ३५ |